अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०३।०४ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी कान्तुराम पनेरुसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट महेन्द्रनगर विकास समितिका **तत्कालीन अध्यक्ष कान्तुराम पनेरु** समेतका प्रतिवादी उपर महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी जग्गा विधि र प्रक्रिया विपरीत व्यक्ति विशेष तथा आफ्नो नाममा दर्ता स्रेस्ता कायम गरी गराई सरकारी जग्गा वितरण गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुरमा बिगो रु.२९,७४,३६०।- कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम सजाय हुन तथा तत्कालीन अध्क्षय कान्तुराम पनेरुलाई ऐ.ऐनको दफा २४ ले परिभाषित गरेबमोजिमको कसुरमा सोही ऐनको दफा २४ बमोजिम थप सजायसमेतको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०१।२४ को फैसलाबाट आंशिक सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०३।०४ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया